स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री रेखा थापाको निर्देशनमा बनेको फिल्म "माया भनेकै यस्तो होला"को शीर्ष गीत सार्वजनिक गरिएको छ। शुक्रबार काठमाडौंमा आयोजित एक कार्यक्रमका बीच निर्माण पक्षले रोमान्टिक भावको गीत दर्शकमाझ ल्याएको हो। गीतमा प्रशान्त सिवाकोटीको शब्द तथा संगीत रहेको छ। गायनमा प्रशान्तलाई विज्ञानी पराजुलीले साथ दिएकी छन्। यसले पात्रबीचको जटिल सम्बन्धमा रहेको संकेत दिन्छ।

आजको विचार...



विदुर घिमिरे

शब्दको... (दुई पेजमा)

श्रीकृष्ण जन्माष्टमीको अवसर पारेर भदौ १९ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म "बा: एक योद्धा"को पहिलो गीत "चढेको बुई नबिर्स" सार्वजनिक गरिएको छ। मर्मस्पर्शी भावको यस गीतमा सञ्जीव थापाको शब्द तथा हरि लम्सालको संगीत र स्वर रहेको छ। गीतको भिडियोमा फिल्मका मुख्य कलाकारहरु झरना थापा, दिव्यदेव पन्त र सुहाना थापा देखिएका छन्। दिव्यदेव र झरना श्रीमान्-श्रीमतीको भूमिकामा छन् भने सुहानाले विवाहित छोरीको भूमिकामा अभिनय गरेकी छन्।



❒ वर्ष ३२ ❒ अंक १७ ❒ २०८३ साउन १७ गते आइतबार 2 August 2026, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### ड्रोन आक्रमणमा तीनको मृत्यु

(रासस/एपी)

**किएभ,** साउन १६/रुसले शनिबार बिहान युक्रेनको राजधानी किएभलाई लक्षित गरी ब्यालिस्टिक मिसाइल र ड्रोनबाट गरेको भीषण आक्रमणमा कम्तीमा तीन जनाको मृत्यु भएको छ भने दर्जनौँ घाइते भएका छन् । किएभका मेयर भिताली क्लिट्स्कोका अनुसार सोलोमियान्स्की जिल्लामा मिसाइलका भग्नावशेष खस्दा पाँचतले आवासीय भवनमा क्षति पुगेको छ । भवनभित्र केही व्यक्ति फसेको आशङ्का गरिएको छ भने आँगनमा आगलागी भएको छ । शेभचेन्किभ्स्की जिल्लाको अर्को आवासीय भवनको पहिलो र दोस्रो तला आंशिक रूपमा भत्किँदा त्यहाँ पनि केही व्यक्ति फसेका छन् । राजधानीको डार्नित्स्की जिल्लासहित अन्य क्षेत्रमा गोदाम भवनमा आगलागी भएको क्लिट्स्कोले बताएका छन् । दुई दिनअघि रुसले युक्रेनभर गरेको व्यापक मिसाइल र ड्रोन आक्रमणमा १० सर्वसाधारणको मृत्यु भएको थियो भने ५० भन्दा बढी घाइते भएका थिए । सोही क्रममा एउटा रुसी मिसाइल पोल्यान्डको हवाई क्षेत्रमा प्रवेश गरेको थियो ।

# प्राविधिक शिक्षामा नयाँ आशा जगाउँदै मदनपोखरा

## स्थानीय सरकारको सहकार्यमा विद्यार्थीलाई छात्रवृत्ति

हाम्रा संवाददाता

**पाल्पा,** साउन १६/ पछिल्लो समय बदलिँदो श्रम बजार, सीपयुक्त जनशक्तिको माग र स्वरोजगारका अवसर विस्तारसँगै प्राविधिक शिक्षा आजको रोजगारीमुखी शिक्षाको प्रमुख आधार बन्दै गएको छ । तर आर्थिक अवस्था कमजोर भएका परिवारका धेरै विद्यार्थीका लागि भने प्राविधिक विषय अध्ययन गर्ने चाहना शुल्क र अवसरको अभावले अधुरै रहने गरेको छ ।

यही अवस्थालाई मध्यनजर गर्दै २०७५ मा प्राविधिक तथा व्यवसायिक शिक्षाको आवश्यकता परिपूर्ति गर्ने उद्देश्यले पाल्पाको तानसेन नगरपालिका-९,दमकडामा सञ्चालनमा आएको मदनपोखरा बहुप्राविधिक शिक्षालयले स्थानीय सरकारसँग सहकार्य गर्दै विद्यार्थीलाई नि:शुल्क तथा सहुलियतमा प्राविधिक शिक्षा अध्ययन



गर्ने अवसर प्रदान गर्दै आएको छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) अन्तर्गतको यो एकमात्र आंगिक शिक्षालयले पछिल्ला वर्षहरूमा प्राविधिक शिक्षाप्रति स्थानीय विद्यार्थीको आकर्षण बढाउन यहाँका स्थानीय तहसँग समन्वय गर्दै आएको हो ।

शैक्षिक सत्र २०८३/०८४ लाई लक्षित गर्दै शिक्षालयले पाल्पाका सबै १० स्थानीय तहसँग छात्रवृत्ति व्यवस्थाका लागि पहल गरिरहेको छ । हालसम्म रिब्दिकोट गाउँपालिकाले ५ जना, तिनाउ गाउँपालिकाले ६ जना, माथागढी गाउँपालिकाले ८ जना र निस्दी गाउँपालिकाले केही विद्यार्थीलाई आफूले रोजेको डिप्लोमा कार्यक्रम अध्ययन गर्न छात्रवृत्तिको व्यवस्था गरेको छ । यसको प्रभावस्वरूप पाल्पासँगै गुल्मी, अर्घाखाँची, रुपन्देही, नवलपरासी तथा मधेश, सुदूरपश्चिम, कर्णाली र गण्डकी प्रदेशका विभिन्न जिल्लाबाट विद्यार्थीहरू अध्ययनका लागि यहाँ आउने क्रम बढ्दो छ । स्थानीय सरकारसँगको सहकार्यले आर्थिक अभावका कारण प्राविधिक शिक्षाबाट बञ्चित विद्यार्थीलाई अवसर उपलब्ध भएकै कारण अहिले विद्यार्थीहरुको आकर्षण बढ्दो रहेको शिक्षालय प्रमुख प्रदिपराज पाण्डेले बताए । उनका अनुसार आगामी दिनमा अन्य स्थानीय तहहरुसँग पनि सहकार्य विस्तार गर्ने प्रयास भइरहेको छ । स्थानीय तहसँगको सहकार्यमा मात्र सीमित नभई शिक्षालयले गैरसरकारी संस्थासँग पनि साझेदारी गर्दै आएको छ । शैक्षिक सत्र २०८२ देखि मातृसेवा प्रतिष्ठान नेपाल, ललितपुरले आर्थिक रूपमा विपन्न परिवारका छात्राहरूलाई छात्रवृत्ति उपलब्ध गराउँदै आएको छ ।

-बाँकी अन्तिम पेजमा...

## दाङबाट एक वर्षमा ६७९ फरार अभियुक्त पक्राउ



**दाङ,** साउन १६/आर्थिक वर्ष २०८२/८३ मा दाङबाट ६५० बढी फरार अभियुक्त पक्राउ परेका छन् । जिल्लाका विभिन्न ठाउँबाट एक वर्षको अवधिमा ६७९ जना फरार अभियुक्त पक्राउ परेका हुन् ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख एवं प्रहरी उपरीक्षक दीपक श्रेष्ठका अनुसार विभिन्न प्रकृतिको मुद्दामा अदालतबाट दोषी ठहर भई फरार भएका अभियुक्तलाई पक्राउ गरिएको हो । पक्राउ परेका ६७९ जनालाई २४६ वर्ष तीन महिना २४ दिन कैद सजाय र एक करोड ३८ लाख ४२ हजार २९७ जरिवाना तोकिएको उनले जानकारी दिए । प्रहरी उपरीक्षक श्रेष्ठका अनुसार फरार अभियुक्तमध्ये १० वर्षपछि पक्राउ परेका ८८ जना छन् । त्यस्तै पाँच वर्षपछि पक्राउ पर्नेमा ७० र पाँच वर्षभन्दा कम समयमा पक्राउ पर्ने ५२१ जना रहेका उनले बताए ।

विगत एक वर्षमा जिल्लामा विभिन्न प्रकृतिका एक हजार १२८ वटा मुद्दा दर्ता भएका छन् । सबैभन्दा बढी आत्महत्यासम्बन्धी ३३५ र लागुऔषधसम्बन्धी १२६ मुद्दा रहेका उनले जानकारी दिए । *-रासस*

## दोस्रो राष्ट्रिय कोदो दिवस मनाइयो

हाम्रा संवाददाता

**गुल्मी,** साउन १६/ शनिबार पाल्पा, गुल्मीसहित देशैभर दोस्रो राष्ट्रिय कोदो दिवस मनाइएको छ । कोदो बालीको संरक्षणका लागि विभिन्न जनचेतनामूलक कार्यक्रम गरी कोदो दिवस मनाइएको हो ।

मन्त्रिपरिषद्को २०८१ साल असार तेस्रो साताको बैठकले गरेको निर्णयअनुसार २०८२ सालदेखि राष्ट्रिय कोदो दिवस मनाउन थालिएको हो । कृषि तथा पशुपन्छी विकास मन्त्रालयको प्रस्तावमा सरकारले राष्ट्रिय कोदो दिवस मनाउने निर्णय गरेको थियो । मन्त्रिपरिषद्को निर्णयअनुसार प्रत्येक वर्ष साउन १६ गते राष्ट्रिय कोदो दिवस मनाइन्छ । यस दिन गुल्मीको मालिका, मुसिकोट, इस्मा लगायत पाल्पासहित देशभरका बारीमा कोदो रोपिएको छ । ठाउँ-ठाउँमा खेतालाहरुले स्थानीय लोकभाकाका गीत, मादल, झ्याली र



सहनाइसँगै रोपाइँ गरेका छन् । कोदो बालीका लागि धेरै मेहनत गर्नु नपर्ने र स्वास्थ्यका लागि पनि उपयोगी हुने भएकाले यसको प्रवर्द्धनमा जोड दिँदै आइएको छ । कोदो दिवस मनाउँदै गर्दा करोडौंको आयात गरिँदै आइएको कोदोको आयात कसरी विस्थापित गर्न सकिन्छ भनेर पहल गर्नुपर्ने कृषिविज्ञ बताउँछन् । राम्रोसँग भण्डारण गरेमा सयौं वर्ष पनि सुरक्षित रहने भएकाले कोदो भविष्यमा खाद्य सङ्कट हटाउन सहयोगी हुने बताइएको छ ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## सामाजिक सद्भाव कायम राखौं

सुनसरीको देवानगञ्जमा गत आइतबार भएको दुईपक्षीय झडपले विकराल रुप लिएको छ । उक्त घटनामा तीन जनाले अकालमै ज्यान गुमाएका छन् भने कैयौं घाइते भएका छन् । यो अत्यन्त दु:खद् हो । यो नहुनुपर्ने घटना भएको हो । सानो विवादले ठूलो रुप लिनसक्छ भन्ने अनुमान गरेर आवश्यक सुरक्षा व्यवस्था, स्थानीय समुदायसँग संवाद, धार्मिक अगुवाहरूसँग समन्वय तथा पूर्वतयारी गर्न सकिएको भए अवस्था नियन्त्रणबाहिर जाने सम्भावना न्यून हुन सक्थ्यो । दुर्भाग्यवश नेपालमा अझै रोकथामभन्दा प्रतिक्रिया दिने प्रवृत्ति हावी छ । घटना भएपछि मात्र सुरक्षा बल परिचालन गरिन्छ, छानबिन समिति बनाइन्छ, दोषी खोज्ने प्रक्रिया सुरु हुन्छ र केही दिनपछि विषय बिस्तारै सेलाउँदै जान्छ । तर, यस्ता घटनाको वास्तविक कारण, कमजोरी र सुधारका उपाय भने कार्यान्वयनमा आउँदैनन् । यही कारणले उस्तै प्रकृतिका घटना बारम्बार दोहोरिने गरेका छन् ।

त्यहाँको घटनाले हिंसात्मक रूप लिँदै मधेसका अन्य जिल्ला र देशका विभिन्न भूभागमा तनावको खतरा बढाएको छ । झडप, आगजनी र तोडफोडका घटनाले शुक्रबारसम्म आइपुग्दा विभिन्न जिल्लाका विभिन्न स्थानमा कर्फ्यु र निषेधाज्ञा लाग्यो । शनिबारदेखि भने केही खुकुलो भएको छ । सुनसरीका १० स्थानीय तह र धनुषाको जनकपुर क्षेत्रमा कर्फ्यु हटाएर निषेधाज्ञा जारी गरिएको छ भने सिरहाको लहानमा पनि कर्फ्यु हटाइएको छ । गोलबजारमा भने कर्फ्यु यथावत् राखिएको छ । ढिलो गरी भए पनि सरकारले आगो सरी सल्किन लागेको धार्मिक र जातीय द्वन्द्वलाई हल गर्ने प्रयास गरेको छ । यसलाई सकरात्मक रुपमा दिनुपर्छ । यसमा पर्याप्त सुझबुझ र बुद्धिमत्ता प्रयोग गरी समाजलाई शान्ति र सद्भावको बाटोमा हिँडाउनु हामी सबैको पहिलो र साझा कर्तव्य हुन आएको छ । सुनसरीको घटना केवल एउटा जिल्लाको समस्या होइन, यो सम्पूर्ण राष्ट्रका लागि चेतावनी हो । विगतका गल्तीबाट सिक्ने, कानुनको निष्पक्ष कार्यान्वयन गर्ने, धार्मिक सहिष्णुतालाई बलियो बनाउने र समयमै सम्भावित जोखिम रोक्ने संस्कारको विकास गर्न आवश्यक छ । सामाजिक सद्भाव कुनै पनि सभ्य, समुन्नत र समृद्ध समाजको आधार हो । विभिन्न जातजाति, भाषा, धर्म, संस्कृति र परम्पराले भरिएको हाम्रो समाजको वास्तविक शक्ति नै विविधताबीचको एकता हो । वर्तमान समयमा सामाजिक सञ्जालको तीव्र विस्तार, राजनीतिक ध्रुवीकरण, धार्मिक तथा जातीय पूर्वाग्रह, अफवाह र भ्रामक सूचनाका कारण समाजमा विभाजन र अविश्वास बढ्ने खतरा देखिएको छ । यस्ता गतिविधिले सामाजिक सद्भाव कमजोर बनाउने मात्र होइन, राष्ट्रिय एकतामाथि समेत चुनौती सिर्जना गर्न सक्छ । तसर्थ हरेक नागरिकले सत्य र तथ्यमा आधारित सूचना मात्र ग्रहण गर्ने तथा जिम्मेवार अभिव्यक्ति दिने संस्कारको विकास गरी सामाजिक सद्भाव कायम राख्न हरसम्भव प्रयास गर्ज जरुरी छ ।

### Opinion @ Social Network

जीवनमा सकारात्मक सोच सबैभन्दा ठूलो शक्ति हो,
यसले असम्भवलाई पनि सम्भव बनाउँछ ।
(सरोज क्षेत्रीको फेसबुक स्टाटसबाट www.facebook.com/Saroj.Chhetri)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# शब्दको अहंकार र चरित्रको ऐना



**विदुर घिमिरे**

मानिसलाई चिनाउने पहिलो परिचय उसको अनुहार होइन, उसको भाषा हो । शब्द केवल ध्वनि होइनन् ती विचारका प्रतिनिधि, संस्कारका परिचायक र चरित्रका ऐना हुन् । त्यसैले कसैले कुन शब्द प्रयोग गर्छ भन्ने कुरा उसले कस्तो समाज निर्माण गर्न चाहन्छ भन्ने प्रश्नसँग पनि जोडिएको हुन्छ । दु:खको कुरा, आज हाम्रो समाजमा असहमतिलाई सम्मान गर्ने संस्कृतिभन्दा असहमतिलाई गाली गर्ने संस्कृतिले विस्तारै ठाउँ बनाइरहेको छ । तर्कको ठाउँमा तुच्छ शब्द, विचारको ठाउँमा व्यंग्य र संवादको ठाउँमा अपमानजनक सम्बोधनले स्थान लिन थालेको छ । कसैले फरक मत राख्यो भने “खाते”, “महाखाते” जस्ता शब्दले होच्याउने प्रवृत्ति बढ्दै गएको देखिन्छ । यो केवल भाषाको विकृति होइन, लोकतान्त्रिक संस्कृतिमाथिको प्रहार पनि हो ।

अहंकारको सबैभन्दा ठूलो विशेषता के हो भने त्यसले मानिसलाई आफ्नो उचाइभन्दा अग्लो देखिएको भ्रम दिन्छ । तर त्यो भ्रम धेरै समय टिक्दैन् । इतिहासले बारम्बार देखाएको छ–अहंकारले कहिल्यै सम्मान कमाएको छैनह त्यसले केवल एक्लोपन, विरोध र अन्ततः पतनको बाटो बनाएको छ । आफूलाई मात्र जान्ने, आफूलाई मात्र योग्य ठान्ने र आफूबाहेक सबैलाई अयोग्य देख्ने मानसिकता कुनै आत्मविश्वासको चिन्ह होइन । त्यो त आफ्नै असुरक्षा लुकाउने एउटा असफल प्रयास मात्र हो । किनभने आत्मविश्वासी मानिसले आफ्नो परिचय आफ्ना कामबाट दिन्छ, शब्दको आक्रामकताबाट होइन । जसको व्यक्तित्व बलियो हुन्छ, उसलाई आृनो सम्मान जोगाउन अरूको अपमान गर्नुपर्दैन । धेरैले “खाते” र “महाखाते” शब्दको अर्थबारे जिज्ञासा राख्नुभएको छ । स्थापित नेपाली शब्दकोशमा “खाते” भन्ने शब्दको स्वतन्त्र अर्थ पाईदैन । व्यवहारमा भने यो कुनै विशेष नकारात्मक बानी वा प्रवृत्तिमा लागेको व्यक्तिलाई जनाउन प्रयोग हुन्छ । त्यसैले रक्सीखाते, घुसखाते, पैसाखाते, घमण्डखाते, पदखाते, बैगुनीखाते जस्ता शब्दहरू सुनिन्छन् । यी सबैमा एउटा समानता छ–कुनै न कुनै नकारात्मक आचरणसँग व्यक्तिलाई जोड्ने प्रयास ।“महा” उपसर्ग जोडिएपछि त्यसको अर्थ झन् तीव्र हुन्छ । त्यसैले “महाखाते” भन्नाले त्यही नकारात्मक प्रवृत्तिमा अत्यधिक डुबेको व्यक्ति भन्ने बुझिन्छ । तर जब कुनै व्यक्तिले असहमति राख्ने सबैलाई “खाते” वा “महाखाते” भन्न थाल्छ, तब प्रश्न अरूको होइन, बोल्ने व्यक्तिको चरित्रमाथि उठ्न थाल्छ । वास्तविक

*शब्द केवल ध्वनि होइनन्, ती विचारका प्रतिनिधि, संस्कारका परिचायक र चरित्रका ऐना हुन् । त्यसैले कसैले कुन शब्द प्रयोग गर्छ भन्ने कुरा उसले कस्तो समाज निर्माण गर्न चाहन्छ भन्ने प्रश्नसँग पनि जोडिएको हुन्छ । दु:खको कुरा, आज हाम्रो समाजमा असहमतिलाई सम्मान गर्ने संस्कृतिभन्दा असहमतिलाई गाली गर्ने संस्कृतिले विस्तारै ठाउँ बनाइरहेको छ । तर्कको ठाउँमा तुच्छ शब्द, विचारको ठाउँमा व्यंग्य र संवादको ठाउँमा अपमानजनक सम्बोधनले स्थान लिन थालेको छ । कसैले फरक मत राख्यो भने “खाते”, “महाखाते” जस्ता शब्दले होच्याउने प्रवृत्ति बढ्दै गएको देखिन्छ । यो केवल भाषाको विकृति होइन, लोकतान्त्रिक संस्कृतिमाथिको प्रहार पनि हो । अहंकारको सबैभन्दा ठूलो विशेषता के हो भने त्यसले मानिसलाई आफ्नो उचाइभन्दा अग्लो देखिएको भ्रम दिन्छ । तर त्यो भ्रम धेरै समय टिक्दैन् । इतिहासले बारम्बार देखाएको छ–अहंकारले कहिल्यै सम्मान कमाएको छैन, त्यसले केवल एक्लोपन, विरोध र अन्ततः पतनको बाटो बनाएको छ । आफूलाई मात्र जान्ने, आफूलाई मात्र योग्य ठान्ने र आफूबाहेक सबैलाई अयोग्य देख्ने मानसिकता कुनै आत्मविश्वासको चिन्ह होइन । त्यो त आफ्नै असुरक्षा लुकाउने एउटा असफल प्रयास मात्र हो । किनभने आत्मविश्वासी मानिसले आफ्नो परिचय आफ्ना कामबाट दिन्छ, शब्दको आक्रामकताबाट होइन । जसको व्यक्तित्व बलियो हुन्छ, उसलाई आफ्नो सम्मान जोगाउन अरूको अपमान गर्नुपर्दैन । धेरैले “खाते” र “महाखाते” शब्दको अर्थबारे जिज्ञासा राख्नुभएको छ । स्थापित नेपाली शब्दकोशमा “खाते” भन्ने शब्दको स्वतन्त्र अर्थ पाईंदैन । व्यवहारमा भने यो कुनै विशेष नकारात्मक बानी वा प्रवृत्तिमा लागेको व्यक्तिलाई जनाउन प्रयोग हुन्छ । त्यसैले रक्सीखाते, घुसखाते, पैसाखाते, घमण्डखाते, पदखाते, बैगुनीखाते जस्ता शब्दहरू सुनिन्छन् । यी सबैमा एउटा समानता छ–कुनै न कुनै नकारात्मक आचरणसँग व्यक्तिलाई जोड्ने प्रयास ।“महा” उपसर्ग जोडिएपछि त्यसको अर्थ झन् तीव्र हुन्छ ।*

प्रश्न यो हो–कसैलाई “खाते” भनेर बोल्दैमा बोल्ने व्यक्ति सम्मानित हुन्छ त ? कदापि हुँदैन । बरु त्यसले एउटा गम्भीर सन्देश दिन्छ–तर्क सकिएको छ, संयम हराएको छ र सहिष्णुता समाप्त हुँदै गएको छ । जहाँ तर्क समाप्त हुन्छ, त्यहाँ गालीको जन्म हुन्छ । जहाँ विवेक कमजोर हुन्छ, त्यहाँ अहंकारले शासन गर्न थाल्छ । समाजमा पद, पैसा, पहुँच वा लोकप्रियता कसैको स्थायी सम्पत्ति होइन । इतिहासमा अनेक शक्तिशाली मानिसहरू समयको प्रवाहसँगै सामान्य पात्र बनेका छन् । तर उनीहरूले बोलेका शब्द भने इतिहासले सम्झिरहन्छ । त्यसैले पदभन्दा ठूलो संस्कार हो, शक्तिभन्दा ठूलो विनम्रता हो र प्रभावभन्दा ठूलो चरित्र हो । सबैभन्दा दु:खद पक्ष त त्यतिबेला देखिन्छ, जब अरूलाई “खाते” भन्ने मानिस आफैं घमण्ड, अवसरवाद, कृतघ्नता, पदको दुरुपयोग, असहिष्णुता वा नैतिक कमजोरीबाट मुक्त हुँदैन । त्यतिबेला गाली अरूको होइन, आफ्नै चरित्रको परिचय बन्न पुग्छ । लोकतन्त्रमा फरक मत राख्नु अपराध होइनह बरु लोकतन्त्रको प्राण हो । आलोचनालाई गालीले होइन, तर्कले जवाफ दिनुपर्छ । प्रश्नको उत्तर अपमानले होइन, प्रमाणले दिनुपर्छ । असहमतिलाई शत्रुता ठान्ने समाज कहिल्यै सभ्य समाज बन्न सक्दैन । आज आवश्यक कुरा अरूलाई “खाते” प्रमाणित गर्नु होइन, आफू कति संस्कारी, सहिष्णु र जिम्मेवार छौं भन्ने प्रमाणित गर्नु हो । किनभने समाजमा मानिसको उचाइ उसले अरूलाई कति सानो देखायो भन्ने आधारमा होइन, आफू कति ठूलो सोच्न सक्यो भन्ने आधारमा मापन हुन्छ । आजको सामाजिक सञ्जाल र तीव्र प्रतिस्पर्धाको युगमा शब्दको प्रयोग झन् संवेदनशील विषय बनेको छ । आवेगमा लेखिएका वा बोलिएका शब्दहरूले सम्बन्ध बिगार्न, विवाद बढाउन र समाजमा नकारात्मक प्रभाव पार्न सक्छन् । त्यसैले बोल्नु वा लेख्नु अघि एकछिन सोच्ने बानीले धेरै समस्या टार्न सक्छ । विनम्र शब्दले व्यक्तित्वलाई उचाइ दिन्छ भने अहंकारी शब्दले सम्मानलाई घटाउँछ । अन्ततः, मानिसको वास्तविक सुन्दरता उसको अनुहारमा होइन, उसको चरित्रमा हुन्छ, र त्यो चरित्रको स्पष्ट प्रतिबिम्ब उसका शब्दहरूमा देखिन्छ । त्यसैले हामीले शब्दलाई अहंकारको हतियार होइन, प्रेम, सम्मान र सद्भाव फैलाउने माध्यम बनाउनुपर्छ । जब शब्दमा विनम्रता र चरित्रमा इमानदारी हुन्छ, तब मानिस केवल सफल मात्र होइन, सम्मानित पनि बन्छ । तसर्थ शब्द छानौं, संस्कार जोगाऔं, असहमतिलाई सम्मान गरौं । किनकि सभ्य समाज गालीले होइन, विचारले निर्माण हुन्छ ।

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४


**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कसैको विश्वास जित्ने अवसर मिल्न सक्छ। खुसीले दिनभरिको थकान बिर्साउनेछ। | **तुला** : मनमा मिठास थप्नेछ। समय सही ठाउँमा लगाउँदा खुसी मिल्नेछ। |
| **वृष** : रमाइलो वातावरण बन्नेछ। कामलाई मिलाएर लैजाँदा सहज अनुभव हुनेछ। | **वृश्चिक** : धैर्यताले काम सहज बन्नेछ। रोकिएको विषयमा स्पष्टता आउनेछ। |
| **मिथुन** : नयाँ सोचले मनमा उज्यालो थप्नेछ। काम पूरा भएपछि मन रमाउनेछ। | **धनु** : फरक अनुभवले नयाँ सिकाइ दिनेछ। काममा समय दिन पाउनुहुनेछ। |
| **कर्कट** : घरमा बिताएको समय सुखद रहनेछ। राम्रो प्रतिफल पाउने संकेत छ। | **मकर** : कामले राम्रो रूप लिनेछन्। लगनले सबैको विश्वास जित्न सक्नुहुनेछ। |
| **सिंह** : आफ्नो लगनले राम्रो परिणाम दिन थाल्नेछ। मनमा नयाँ आशा पलाउनेछ। | **कुम्भ** : सिर्जनशील सोचले नयाँ बाटो खोल्नेछ। मनमा ताजापन महसुस हुनेछ। |
| **कन्या** : अलमल हट्दा मन हलुका हुनेछ। परिवर्तनले पनि राम्रो अनुभव दिलाउनेछ। | **मीन** : रुचिका काममा मन रमाउनेछ। मनको शान्ति महसुस गर्न सकिनेछ। |

## कृषि


# पशु सेवा तथा पशु कल्याण विधेयक : पशुअधिकार भन्दा उत्पादनलाई प्राथमिकता



सरकारले सार्वजनिक गरेको 'पशु सेवा तथा पशु कल्याण सम्बन्धी विधेयक' को मस्यौदामा पशु अधिकारकर्मीहरूले असहमति जनाएका छन् । विधेयक पशुको अधिकार र कल्याणमा नभई पशुपालन, उत्पादन, व्यापार तथा प्रशासनिक व्यवस्थापनमा सीमित भएको उनीहरूको भनाइ छ । पशु कल्याणलाई कानुनको आधारभूत उद्देश्य बनाउनुपर्नेमा उत्पादनमुखी व्यवस्थालाई प्राथमिकता दिइएको पशु अधिकारकर्मीले बताएका छन् । अन्तर्राष्ट्रिय मापदण्डअनुसार छुट्टै, स्वतन्त्र र समग्र पशु कल्याण ऐन निर्माण गर्न सरकारसँग माग समेत गरेका छन् । कुनै पनि पशु कल्याणसम्बन्धी कानुनको आधार अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त 'फाइभ फ्रिडम' स्नेहा केयरकी संस्थापक स्नेहा श्रेष्ठ बताउँछिन् । यस अन्तर्गत पशुलाई भोक र तिर्खाबाट मुक्त रहने, असहजता तथा पीडाबाट मुक्त हुने, रोग तथा चोटपटकबाट सुरक्षित रहने, स्वाभाविक व्यवहार गर्न पाउने र डर, तनावबाट मुक्त रहने अधिकार सुनिश्चित गरिन्छ । तर हालको विधेयकमा यी आधारभूत सिद्धान्त नै नसमेटिएको उनको भनाइ छ । पशु कल्याणको मूल दर्शनलाई बेवास्ता गरेर तयार गरिएको विधेयकले वास्तविक अर्थमा पशुको हित गर्न नसक्ने श्रेष्ठको तर्क छ । उनका अनुसार विधेयकले सडकमा रहेका सामुदायिक कुकुर तथा बिरालोको मानवीय व्यवस्थापन, रेबिज नियन्त्रणका लागि खोप अभियान, उद्धार, उपचार, पुन:स्थापना तथा पुनर्वासका विषयलाई स्पष्ट कानुनी आधार दिएको छैन । त्यस्तै सडकमा छाडिएका गाई तथा परित्यक्त पशुहरूको संरक्षण, व्यवस्थापन र जिम्मेवारी कसको हुने भन्ने विषयमा पनि विधेयक मौन रहेको उनको आरोप छ । स्थानीय तह, प्रदेश र संघीय सरकारबीच यस्ता पशुको संरक्षण र व्यवस्थापनमा कसको भूमिका रहने भन्ने विषय पनि अस्पष्ट रहेको उनको भनाइ छ । विधेयकमा राखिएको पशुमाथिको क्रूरतासम्बन्धी व्यवस्थामा पनि अधिकारकर्मीको असहमित छ । पशु अधिकारकर्मीहरूका अनुसार कुटपिट गर्ने, विष हाल्ने, यातना दिने, बेवास्ता गर्ने, अमानवीय ढुवानी गर्ने वा अन्य कुनै प्रकारको दुर्व्यवहारलाई स्पष्ट रूपमा अपराधका रूपमा परिभाषित गरिएको छैन । यस्ता कसुरमा कडा सजाय, जरिवाना, कैद तथा प्रभावकारी कार्यान्वयनको व्यवस्था हुनुपर्ने भए पनि विधेयकमा त्यससम्बन्धी प्रावधान कमजोर रहेको उनीहरूको भनाइ छ । कानुन प्रभावकारी बनाउन अपराधको स्पष्ट परिभाषा र दण्ड सजायको व्यवस्था अपरिहार्य हुने उनीहरूको तर्क छ । पशु उद्धार केन्द्र (सेल्टर) सञ्चालन, मापदण्ड, अनुगमन तथा पशु कल्याणमा काम गर्ने संघसंस्थाको भूमिकालाई पनि विधेयकले पर्याप्त सम्बोधन नगरेको सरोकारवालाहरू बताउँछन् । अहिले देशभर विभिन्न संस्थाले उद्धार, उपचार र पुन:स्थापनाको काम गरिरहेका भए पनि उनीहरूको दायित्व, अधिकार तथा सञ्चालन मापदण्ड कानुनमै स्पष्ट हुनुपर्ने उनीहरूको माग छ । मापदण्डबिनै आश्रयस्थल सञ्चालन हुने अवस्थालाई रोक्न कानुनी व्यवस्था आवश्यक रहेको उनीहरूको भनाइ छ । उत्पादनमुखी पशु अर्थात् गाई, भैंसी, बाख्रा, बंगुर, कुखुरालगायत फार्ममा पालिने जनावरको कल्याणसम्बन्धी व्यवस्था पनि विधेयकमा कमजोर रहेको आरोप छ । ढुवानीका क्रममा पर्याप्त स्थान, पानी, आराम तथा वधअघि अपनाउनुपर्ने मानवीय प्रक्रिया सम्बन्धी स्पष्ट मापदण्ड उल्लेख नभएको भन्दै अभियन्ताहरूले यसले पशुको पीडाभन्दा उत्पादनलाई प्राथमिकता दिएको सन्देश जाने बताएका छन् । उनीहरूका अनुसार पशु उत्पादनसँगै पशुको सम्मानजनक जीवन सुनिश्चित गर्नु पनि कानुनको दायित्व हुनुपर्छ । त्यसैगरी प्रयोगशालामा अनुसन्धानका लागि प्रयोग हुने जनावर, चराचुरुङ्गी, माछा, वन्यजन्तु तथा अन्य सबै प्रकारका जनावरलाई पनि विधेयकको दायरामा समेट्नुपर्ने माग गरिएको छ । पशु कल्याण ऐन भनेपछि सबै प्रकारका जनावरको संरक्षण, अधिकार र कल्याण सुनिश्चित हुनुपर्ने भए पनि हालको मस्यौदा सीमित क्षेत्रमै केन्द्रित रहेको उनीहरूको टिप्पणी छ । पशुअधिकारकर्मी तथा एनिमल नेपालकी संस्थापक अध्यक्ष प्रमदा शाहका अनुसार विधेयकका अधिकांश अध्याय पशु क्वारेन्टिन, रोग नियन्त्रण, आयात-निर्यात, पशुजन्य उत्पादन, उद्योग सञ्चालन, नश्ल सुधार, कृत्रिम गर्भाधान, आनुवंशिक सुधार तथा ट्रेसेबिलिटी प्रणालीमा केन्द्रित छन् । यी सबैपछि मात्र पशु कल्याणसम्बन्धी अध्याय राखिएको छ, जहाँ क्रूरता, आश्रय र इयुथनेसियाजस्ता विषय सीमित रूपमा समेटिएका छन् । उनका अनुसार वास्तविक पशु कल्याण ऐनको सुरुवात नै 'जनावर संवेदनशील प्राणी हुन् र उनीहरूको कल्याण कानुनको पहिलो उद्देश्य हो' भन्ने सिद्धान्तबाट हुनुपर्छ । त्यसपछि मात्रै साथी जनावर, खेती गर्ने जनावर, काम गर्ने जनावर, बन्दी वन्यजन्तु, ढुवानी, वध, मनोरञ्जन, अनुसन्धान, विपद् व्यवस्थापन, शिक्षा, अनुगमन तथा कार्यान्वयनका विषयलाई सोही उद्देश्यअनुसार नियमन गरिनुपर्छ । तर वर्तमान मस्यौदाले पशु उत्पादन र उद्योगलाई प्राथमिकता दिएको उनको निष्कर्ष छ । उनका अनुसार एनिमल नेपालले विगत धेरै वर्षदेखि पशु कल्याणसम्बन्धी स्वतन्त्र ऐनका लागि सरकारसँग निरन्तर पैरवी गर्दै आएको थियो । कानुन व्यवसायी, पशु चिकित्सक, विज्ञ तथा विभिन्न संस्थाको सहभागितामा तयार गरिएका विस्तृत सुझाव सरकारलाई बुझाइएको भए पनि अहिलेको मस्यौदामा ती समावेश उनको गुनासो छ । एसपिसिए नेपालकी पशु अधिकारकर्मी बिना पन्त पनि विधेयकले पशु कल्याणभन्दा पशुपालन, उत्पादन र व्यापारलाई बढी प्राथमिकता दिएको बताउँछिन् । व्यवसाय र उत्पादन आवश्यक भए पनि पशुको संरक्षण, अधिकार र कल्याणलाई समान रूपमा महत्व दिनुपर्नेमा हालको मस्यौदाले त्यो सन्तुलन कायम गर्न नसकेको उनको भनाइ छ । विकसित मुलुक, विशेषगरी युरोप र अमेरिकामा पशु कल्याणसम्बन्धी कानुन प्रभावकारी रूपमा कार्यान्वयन भइरहेका उदाहरण दिँदै उनले नेपालले पनि अन्तर्राष्ट्रिय असल अभ्यासबाट सिक्नुपर्ने बताइन् । उनका अनुसार करिब साढे तीन वर्षअघि पशु अधिकारका क्षेत्रमा काम गर्ने विभिन्न संस्था, कानुन व्यवसायी र विज्ञहरूको सहभागितामा तयार गरिएको विस्तृत मस्यौदा सरकारलाई बुझाइएको थियो । त्यसमा समेटिएका अधिकांश महत्वपूर्ण सुझाव हालको विधेयकमा नसमेटिएको भन्दै उनले सरोकारवालाको अनुभव र अध्ययनलाई पर्याप्त महत्व नदिइएको टिप्पणी गरिन् । यद्यपि सरकारले अहिले सुझाव मागिरहेको विषयलाई सकारात्मक अवसरका रूपमा लिँदै सबै सरोकारवालाले छुटेका विषय स्पष्ट रूपमा प्रस्तुत गर्नुपर्ने र सरकारले त्यसलाई गम्भीरतापूर्वक समेट्नुपर्ने अपेक्षा उनले व्यक्त गरिन् । पशुप्रेमी प्रभात रिमालका अनुसार विधेयकले पशु अधिकार, नैतिक व्यवहार, क्रूरताविरुद्धको व्यवस्था, पशु ढुवानी, पालनपोषण तथा सम्मानजनक जीवनसँग सम्बन्धित विषयलाई पर्याप्त प्राथमिकता दिएको छैन । सरकारभित्र पशुप्रेमी र सकारात्मक सोच भएका व्यक्तिहरू भए पनि त्यो प्रतिबद्धता कानुनमा स्पष्ट रूपमा प्रतिबिम्बित हुनुपर्ने उनको भनाइ छ । उनले हालै बैतडीमा गोरुलाई भीरबाट खसालेर गरिएको अमानवीय व्यवहारको उदाहरण दिँदै नेपालमा अझै पनि पशुमाथि क्रूरता भइरहेकाले त्यसलाई रोक्न बलियो कानुनी व्यवस्था आवश्यक रहेको बताए । साथै पशु अधिकारका क्षेत्रमा काम गर्ने संस्था र अभियन्ताबीच पर्याप्त एकता नहुँदा सरकारमाथि प्रभावकारी दबाब सिर्जना हुन नसकेको रिमालको तर्क छ ।

*-अनलाइन खबर डटकम*

# सुपारी, मरिच र छोकडापछि तरबुजको बीउमा तस्करका आँखा



सुपारी, केराउ, मरिच, छोकडा र लसुनसुपारी, पछिल्लो समय तेस्रो मुलुकबाट आयात गरी भारततर्फ तरबुज (खरबुजा) को बीउ तस्करी गर्ने धन्दा तीव्र रूपमा मौलाएको छ । नेपालमा यसको न त ठूलो व्यावसायिक खपत छ, न त त्यति धेरै आन्तरिक माग नै छ, तर पनि पछिल्ला केही वर्षयता यसको आयात र सीमावर्ती क्षेत्रमा भइरहेको तस्करीले प्रशासनको टाउको दुखाएको छ । नेपालमा ठूलो व्यावसायिक खपत र उत्पादनको आधार नभए पनि भारत सरकारले लगाएको परिमाणात्मक बन्देजको फाइदा उठाउँदै तस्करहरूले अस्वाभाविक आयात गरी भारततर्फ छिराउने गरेका जानकारवाला बताउँछन् । देशका विभिन्न सीमावर्ती क्षेत्रमा प्रहरीले करोडौंको बीउ बरामद गरिरहँदा भन्सार विभागले भने कानुनी कागजात पुगेर आएका वस्तु रोक्न नमिल्ने जनाउँदै खुला सीमाबाट हुने चोरी-निकासी नियन्त्रण एक्लो भन्सार प्रशासनबाट सम्भव नरहेको स्पष्ट पारेको छ । पछिल्लो समय देशका विभिन्न सीमावर्ती जिल्लाहरूमा तरबुजको बीउ तस्करीका ठूला घटनाहरू सार्वजनिक भइरहेका छन् । गत शुक्रबार (साउन ८ गते) मात्रै लुम्बिनी प्रदेश प्रहरी कार्यालयबाट खटिएको विशेष टोलीले बर्दियाको बढैयाताल गाउँपालिका-२ फुटाहाबाट नेपाल-भारत सीमामा भन्सार छली लैजान लागेको ११ लाख २० हजार रुपैयाँ बराबरको २८ बोरा (१,१२० केजी) तरबुजको बीउ बरामद गऱ्यो । प्रहरी देखेपछि तस्करहरू सामान छाडेर फरार भएका थिए भने नजिकैको बेवारिसे गोठलाई गोदामका रूपमा प्रयोग गरी बीउ लुकाइएको रहस्य खुल्न आयो । त्यस्तै, असार २९ गते झापाको भद्रपुर नगरपालिका-३ मा प्रहरीले छापा मार्दै करिब ३८ टन (९४८ बोरा) खरबुजाको बीउ बरामद गऱ्यो । स्थानीय भीमलाल सुवेदीको घर भाडामा लिएर राखिएको उक्त गोदामको ताला प्रहरीले फुटाएर सामान जफत गरेको थियो । प्रहरीले उक्त सामान अवैध दाबी गर्दै भन्सार कार्यालयमा बुझायो, तर सामानका धनी दाबी गरिएका राजेन्द्र थापा मगरले भने आफूसँग खरिददेखि भन्सारसम्मका सम्पूर्ण अनलाइन बिलबिजक सुरक्षित रहेको र आयुर्वेदिक औषधि तथा अन्य प्रयोजनका लागि वैशाख-जेठमै स्टक राखिएको दाबी गर्दै प्रहरीले दादागिरी शैलीमा वैध सम्पत्तिमाथि हस्तक्षेप गरेको गुनासो गरे । यसअघि पनि यस्ता धेरै घटनाहरू बाहिर आइसकेका छन् । गत असार ८ गते बाराको सिम्रौनगढबाट प्रहरीले १२ हजार ५ सय ६० किलो (३१४ बोरा) खरबुजाको बीउ बोकेको ट्रक नियन्त्रणमा लियो, जसको मूल्य करिब २३ लाख रुपैयाँ थियो । चालकले भन्सार तिरेको वैध कागजात देखाउन नसकेपछि प्रहरीले ट्रक नै खोसेको थियो । त्यस्तै, जेठ २७ गते रुपन्देही प्रहरीले भैरहवास्थित एक व्यापारीको गोदामबाट २३ लाख ३२ हजार रुपैयाँ बराबरको ३५ बोरा तरबुजको बीउ बरामद गऱ्यो । सोही दिन रौतहटको सीमा क्षेत्रमा तस्करीको ठूलो खेप नियन्त्रणमा लिन प्रहरीले ६ राउन्ड अश्रुग्यास समेत प्रहार गर्नु परेको थियो । सुरुमा फर्सीको बियाँ भनिए पनि पछि उक्त वस्तु तरबुजकै बोक्रा छोडाएको बियाँ भएको खुलेको थियो । त्यसअघि २०८२ असोज २२ गते पनि रुपन्देहीबाटै भारततर्फ लैजान लागिएको १ सय २५ बोरा बीउ बरामद भएको थियो ।

**भारतको परिमाणात्मक बन्देज**

नेपालका खुला सीमा र भन्सार प्रणालीको कमजोरीको फाइदा उठाउँदै किन अचानक तरबुजको बीउको तस्करी बढेको छ भन्ने विषयको जरो भारतको सरकारी नीतिसँग जोडिएको छ । भारत सरकारले आफ्ना देशका कृषकलाई उत्पादनको उचित मूल्य र बजार संरक्षण गर्ने उद्देश्यले सन् २०२३ को जुनदेखि मगज (तरबुजको बियाँ) को आयातमा परिमाणात्मक बन्देज (क्वान्टिटेटिभ भेरियर) लगाएको छ । भारतमा वार्षिक ६० देखि ६५ हजार टन मगजको खपत हुने भए पनि त्यहाँको घरेलु उत्पादन जम्मा ३५ देखि ४० हजार टन मात्रै छ । अपुग २० देखि २५ हजार टन मगजका लागि भारत सधैँ आयातमा निर्भर रहनुपर्छ । भारतले २०२४ मा केही समयका लागि खुला गरेको थियो । त्यसयता उद्योगहरूलाई समेत आयात अनुमति दिइएको छैन । भारतभित्र देखिएको यही चर्को अभाव र उच्च मागको फाइदा नेपालका तस्कर र केही व्यापारीहरूले उठाइरहेको जानकार बताउँछन् । विदेशबाट नेपालमा आयात गर्ने र रातारात लुकाएर अवैध तरिकाले भारततर्फ तस्करी गर्ने धन्दा मौलाएको सुरक्षाकर्मी अधिकारीको निष्कर्ष छ ।

**आयात र खपतमा आकाश-पातालको फरक**

राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्रको तथ्यांक अनुसार नेपालमा करिब २५ सय हेक्टर जमिनमा मात्र तरबुज/खरबुजा खेती हुन्छ, जहाँ प्रतिहेक्टर ३० देखि ४० मेट्रिक टनसम्म तरबुज/खरबुजा उत्पादन हुन्छ । नेपालमा पछिल्ला केही वर्षहरूमा खरबुजा तथा तरबुजको बीउ आयातमा अस्वाभाविक उछाल आएको छ । आर्थिक वर्ष २०७८/७९ यताका वर्षहरूमा बीउ आयातको परिमाण र यसबापत बाहिरिने रकममा वर्सेनि ठूलो वृद्धि भइरहेको छ । २०७८/७९ मा जम्मा ९९ टन बीउ आयात गर्दा २ करोड ३ लाख रुपैयाँ विदेशिएकोमा त्यसको २०७९/८० मा आयात २८ टनले बढेर १२७ टन पुगेको थियो । सो वर्ष रकम पनि ११ लाख रुपैयाँले बढेर २ करोड १४ लाख रुपैयाँ पुगेको थियो । त्यसपछिका वर्षहरूमा भने आयातको ग्राफ अझ तीव्र गतिमा उकालो लाग्यो । २०८०/८१ मा अघिल्लो वर्षभन्दा ३७५ टन बढी अर्थात् ५०२ टन बीउ स्वदेश भित्र्याउँदा ९ करोड १३ लाख रुपैयाँ बाहिरियो, जुन रकम अघिल्लो वर्षको तुलनामा ६ करोड ९९ लाख रुपैयाँले बढी हो । यो क्रम २०८१/८२ मा झनै तीव्र बन्यो, जहाँ आयात अघिल्लो वर्षको भन्दा ७८४ टनले बढेर १ हजार २ सय ८६ टन पुग्यो भने रकम पनि १६ करोड ५७ लाख रुपैयाँले बढेर २५ करोड ७० लाख रुपैयाँ पुग्यो । सबैभन्दा अस्वाभाविक र ठूलो वृद्धि भने २०८२/८३ मा देखिएको छ । यस वर्ष आयात परिमाण अघिल्लो वर्षको तुलनामा १६ गुणाभन्दा बढीले बढेर २० हजार ७ सय ६६ दशमलव ३४ मेट्रिक टन पुगेको छ । यसका लागि देशको ढुकुटीबाट ३ अर्ब ३५ करोड २८ लाख रुपैयाँ बाहिरिएको छ, जुन अघिल्लो वर्षको तुलनामा परिमाणमा १९ हजार ४ सय ८० मेट्रिक टन र रकममा ३ अर्ब ९ करोड ५८ लाख रुपैयाँभन्दा बढीको वृद्धि छ । नेपालको आन्तरिक बजार वा कृषि क्षेत्रमा यो परिमाणमा खरबुजा/तरबुजको बीउ खपत हुने कुनै आधार, परियोजना वा बजार छैन । यसरी वर्षैपिच्छे अस्वाभाविक रूपमा आयात बढ्नु र अर्बौं रुपैयाँ बाहिरिनुले कागजी रूपमा मात्र आयात देखाएर उक्त बीउ अवैध रूपमा भारततर्फ छिराउने (तस्करी गर्ने) गरिएको स्पष्ट हुन्छ ।

**'अवैध आयात नियन्त्रण भन्सार एक्लैबाट सम्भव छैन'**

पछिल्लो समय बजारमा बिलबिजकविना खर्बुजा, तरबुज लगायतका कृषि उपज र अन्य वस्तुहरू छ्याप्छ्याप्ती भेटिन थालेको विषयमा भन्सार विभागले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । तर, खुला सिमानाका कारण हुने चोरी निकासी र अवैध आयातलाई केवल भन्सार प्रशासनले मात्र रोक्न नसक्ने विभागले स्पष्ट पारेको छ । रातोपाटीसँग कुराकानी गर्दै भन्सार विभागका निर्देशक तथा सूचना अधिकारी किशोर बर्तौलेले भन्सारले प्रतिबन्धित वा नियन्त्रित सूचीमा नरहेका वस्तुहरूलाई रोक्न नमिल्ने बताए । बजारमा बिलबिजकबिना खर्बुजा तथा तरबुज बिक्री भइरहेको गुनासो बढेको सन्दर्भमा उनले भन्सार बिन्दुमा कागजात पुगेरै सामान भित्रिने गरेको उल्लेख गरे । भारतसँगको खुला सिमानाका कारण हुने चोरी निकासीलाई नियन्त्रण गर्न एक्लो भन्सार कार्यालयले मात्र नसक्ने उनको भनाइ छ । 'भन्सारले त प्रतिबन्धित लिस्टमा नपरेका वस्तुलाई रोक्दैन, रोक्न पनि मिल्दैन,' निर्देशक बर्तौलेले भने, 'खुला सिमानाका कारण हुने चोरी निकासी र आन्तरिक बजारको नियमनका लागि भन्सार मात्र होइन, अन्य नियमनकारी निकाय, सुरक्षा अंग र व्यापारी वर्ग सबैको संयुक्त समन्वय आवश्यक हुन्छ ।' सुपारी, मरिच, केराउ र छोकडाजस्ता वस्तु 'क्वान्टिटेटिभ बियरियर' (परिमाणात्मक बन्देज) को सूचीमा परेको र आवश्यकताअनुसार आयात गर्न अनुमति रहेको उनले बताए । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले तोकेको मापदण्ड र कोटाका आधारमा मात्र सरकारले अनुमति दिएपछि यस्ता वस्तुहरूको आयात हुने गरेको उनको भनाइ छ । मन्त्रालयबाट अनुमति लिएर आएका वस्तुहरूलाई भन्सारले रोक्न नमिल्ने तर बजारमा हुने अवैध बिक्रीवितरण रोक्न स्थानीय प्रशासन र बजार अनुगमन गर्ने निकायहरू सक्रिय हुनुपर्ने उनको तर्क छ । बजारमा अवैध रूपमा भित्रिने सामानहरूको नियन्त्रणका लागि एउटै निकायको प्रयासले मात्र नपुग्ने भन्दै निर्देशक बर्तौले सार्वजनिक, व्यापारी वर्ग र सरकारी निकायहरूबीचको समन्वयात्मक प्रयासबाट मात्रै यस्ता किसिमका अवैध कारोबारलाई निरुत्साहित गर्न सकिने तर्क गरे ।

*-रातोपाटी डटकम*

# रोटरी क्लवद्वारा बुद्ध पार्कमा वृक्षारोपण



**पाल्पा,** साउन १६/ रोटरी क्लब अफ पाल्पा लुम्बिनीको आयोजनामा तानसेन नगरपालिका-७ स्थित प्रभासको बुद्ध पार्क परिसरमा वृक्षरोपण गरिएको छ । वातावरण संरक्षण तथा हरियाली प्रवर्द्धन गर्ने उद्देश्यका साथ क्लबले एक औपचारिक कार्यक्रमका बिच पार्क क्षेत्रमा विभिन्न प्रजातिका करिब ३०० बिरुवा रोपेको हो ।

रोटरी डिस्ट्रिक्टको वातावरण संरक्षण अभियानअन्तर्गत सञ्चालन गरिएको उक्त कार्यक्रममार्फत बुद्ध पार्कलाई दीर्घकालीन रूपमा 'रोटरी पार्क'का रूपमा विकास गर्ने लक्ष्य लिइएको क्लबले जनाएको छ । पार्कको संरक्षण, सौन्दर्यीकरण र हरियाली प्रवर्द्धनका लागि क्लबले करिब एक लाख रुपैयाँ बराबरको सहयोग गर्ने अभियानसमेत अघि बढाएको छ । कार्यक्रमका प्रमुख अतिथि तथा तानसेन नगरपालिका वडा नं. ७ का अध्यक्ष प्रदीप खनालले बुद्ध पार्कलाई 'रोटरी पार्क'का रूपमा विकास गर्न वडाको तर्फबाट आवश्यक अनुमति प्रदान गरिएको जानकारी दिए । उनले बढ्दो वन विनाश, औद्योगिकीकरण, सहरीकरण र प्रदूषणका कारण वातावरणीय चुनौती गम्भीर बन्दै गएको उल्लेख गर्दै वृक्षरोपणसँगै रोपिएका बिरुवाको नियमित संरक्षण र हेरचाहलाई पनि प्राथमिकता दिनुपर्ने बताए । कार्यक्रममा रोटरीका आइपीपी लक्ष्मण कोइराला, क्लबका पूर्वअध्यक्षहरू, रोटेरियन सदस्यहरू तथा स्थानीय बासिन्दाहरूको उल्लेखनीय सहभागिता रहेको थियो । रोटरी क्लब अफ पाल्पा लुम्बिनीकी अध्यक्ष शिखा पहारीको अध्यक्षता, टीआरएफ चियर गोविन्द गौतम उपाध्यायको स्वागत तथा प्रेसिडेन्ट-इलेक्ट रोटेरियन मुक्तिराम भुसालको सञ्चालनमा वृक्षारोपण कार्यक्रम भएको थियो । ***-मन गहिरे***

# दोस्रो राष्ट्रिय कोदो...

...पछिल्लो समय पौष्टिक अन्नको रुपमा रहेको कोदो खेती हराउँदै जान थालेपछि सरकारले त्यसको संरक्षण गर्ने उद्देश्यले हरेक यो दिवस मनाउन थालेको हो । गुल्मीमा २ हजार ८ सय २२ हेक्टर क्षेत्रफलमा कोदो उत्पादन हुँदै आएको छ भने पाल्पामा २ हजार ५ सय ३७ हेक्टर क्षेत्रफलमा कोदो खेती गरिन्छ । पाल्पाको पश्चिमी भेगका तत्कालीन सत्यवती, कचल, ज्यामिरे, बल्ढेङ्गढी, भुवनपोखरी गाविसका अधिकांश किसानले कोदो खेती गर्दथे । यस्तै पूर्वी भेगका अर्चले, मित्याल, जल्पा, रिङ्नेरह, बहादुरपुर, बाकामलाङ्ग, सहलकोट, झिरुबास लगायतका ठाउँका किसानको मुख्य खाद्यान्न बाली कोदो थियो । उता गुल्मीको ताल्तुङ्ग, उजुङ्ग, ढाडा, बडागाउँ, मुसिकोट, पौदी अमराई, इस्मा लगायतका स्थानमा कोदो खेती गरिर्दै आइएको थियो । तर हिजोआज भने कोदो खेती पुरै विस्थापित हुने अवस्थामा पुगेको किसानहरू बताउँछन् । स्वास्थ्यका लागि अत्यन्त उपयोगी मानिने कोदो बाली अहिले पाल्पा र गुल्मीका सिमित गाउँमा मात्र खेती गरिन्छ । रोटी र ढिँडोका लागि मात्र उत्तम ठानिने भए पनि अहिले स्वस्थ रहनका लागि भन्दै शहरी क्षेत्रका मानिसले यसका परिकार खाने गर्दछन् । तर कोदो खेती गर्ने किसानको संख्या दिनहुँ घट्दै गएको गुल्मी इस्माका गर्भ मल्लको भनाई छ । "पहिले मुख्य खाना नै कोदाको रोटी, ढिँडो हुन्थ्यो तर अहिले मुख्य खाना भात भएकाले कोदो खेती विस्थापित भएको छ,"मल्लले भने "अहिले कोदोको रोटी, ढिँडोभन्दा भात नै खाने चलन नै भयो ।" पाल्पा तिनाउ गाउँपालिका कचलका रमेश बगालेले अहिले घरका लागि आवश्यक पर्ने मात्र आफूले बारीमा कोदो खेती गरेको भन्दै कोदो रोप्ने प्रचलन हटेको बताए । अहिले शहरी क्षेत्रमा यसको अत्याधिक माग भएपनि उत्पादन घट्दै गएको उनको भनाई छ । गाउँघरमा कोदोको महत्व नबुझ्दा यो अन्नलाई गरिबले खाने भन्दै घृणाको रुपमा हेरिनाले पनि यसको खेती हुन छोडेको बगालेले बताए ।

# प्राविधिक शिक्षामा नयाँ...

...गत वर्ष सात जना छात्राले उक्त छात्रवृत्तिमा डिप्लोमा तहको पशु विज्ञान अध्ययन गरिरहेका छन् भने यस वर्ष दलित समुदायका पाँच जना छात्रालाई लक्षित गर्दै पुन: पशु विज्ञान अध्ययनका लागि छात्रवृत्ति प्रदान गरिने भएको छ । स्थानीय सरकार र विभिन्न संस्थाको सहकार्यले प्राविधिक शिक्षामा पहुँच विस्तार हुनुका साथै विद्यार्थीको रुचि पनि उल्लेखनीय रूपमा बढ्दै गएको शिक्षालय प्रमुख पाण्डेले बताए । स्थापनाकालदेखि नै शिक्षालयले कृषि बाली विज्ञान, पशु विज्ञान, वन विज्ञान तथा सूचना प्रविधि विषयमा डिप्लोमा/प्रमाणपत्र तह सञ्चालन गर्ने स्वीकृति पाए पनि हाल बाली विज्ञान, पशु विज्ञान र सूचना प्रविधि कार्यक्रम सञ्चालनमा छन् । वन विज्ञान कार्यक्रम भने सञ्चालनमा आएको छैन । शिक्षालयका अनुसार बाली विज्ञानमा आवेदन अत्यन्त न्यून रहेकाले यस वर्ष भर्ना सञ्चालन गर्न कठिन भएको छ ।

सूचना प्रविधि र पशु विज्ञान कार्यक्रममा भने करिब ५० प्रतिशत हाराहारीमा भर्ना भइरहेको छ । सरकारी विद्यालयबाट एसइई उत्तीर्ण गरी वर्गीकृत छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले सूचना प्रविधिमा पाँच जना तथा बाली विज्ञान र पशु विज्ञानमा चार-चार जनाले पूर्ण नि:शुल्क अध्ययन गर्न पाउने व्यवस्था छ । साथै दलित, आदिवासी/जनजाति, महिला, विपन्न तथा पाल्पा जिल्लाका विद्यार्थीलाई शिक्षालयको नियमअनुसार अत्यन्त न्यून शुल्कमा अध्ययन गर्ने सुविधा पनि उपलब्ध छ । यस वर्ष मात्रै ४० भन्दा बढी विद्यार्थीका लागि विभिन्न प्रकारका छात्रवृत्तिको व्यवस्था गरिएको शिक्षालयले जनाएको छ । पूर्ण शुल्क तिर्ने विद्यार्थीका लागि समेत तीन वर्षे डिप्लोमा अध्ययनको कुल शुल्क जम्मा ५० हजार रुपैयाँ मात्र निर्धारण गरिएको छ, जुन निजी शिक्षालयको तुलनामा निकै सस्तो मानिन्छ । छात्रवृत्ति र सहुलियतमार्फत अवसरको ढोका फराकिलो बनाउँदै शिक्षालयले प्राविधिक शिक्षा सबैका लागि पहुँचयोग्य बनाउन निरन्तर प्रयास गरिरहेको छ । तत्कालीन समयमा मदनपोखरावासीको माग र पुर्वमन्त्री सोमप्रसाद पाण्डेको विशेष पहलमा प्राविधिक शिक्षालयको रुपमा डिप्लोमा तहका कृषि, पशु विज्ञान तथा इन्जिनियरिङ विषय अध्ययन, अध्यापन गराउने गरी सञ्चालनमा ल्याइएको थियो ।

## खेलकुद समाचार

### विश्वकपसम्बन्धी विवादास्पद लगानी योजना रद्द



**काठमाडौं,** साउन १६/व्यापक विरोधपछि फिफाले विश्वकपसम्बन्धी विवादास्पद लगानीको योजना रद्द गरेको छ । विश्व फुटबलको सर्वोच्च निकाय फिफाका अध्यक्ष जियानी इन्फान्टिनोले प्रमुख प्रतियोगितामा हिस्सेदारी बिक्री गर्ने विवादास्पद योजना रद्द गरेको बताएका छन् । इन्फान्टिनोले प्रस्तावित परियोजनाले विभाजन सिर्जना गरेको र यो अब संस्थाको मूल उद्देश्यको हितमा नरहेको बताएको बीबीसीले जनाएको छ ।

सदस्य देशका फुटबल संघबाट तीव्र विरोध भएपछि फिफाले गएराति विवादास्पद योजना अघि नबढाउने निर्णय गरेको हो । यसअघि विश्वकपसहित आफ्ना प्रमुख प्रतियोगिताहरू सञ्चालन गर्ने नयाँ कम्पनीमा झण्डै २० प्रतिशत हिस्सा बिक्री गरेर ४.२ अर्ब अमेरिकी डलरसम्म जुटाउने योजना सार्वजनिक गरिएको थियो । तर प्रस्ताव सार्वजनिक भएलगत्तै युरोपेली फुटबल महासंघ (यूईएफए) ले कडा विरोध जनाएको थियो । एसियाली फुटबल महासंघ (एएफसी) ले पनि फिफाको निर्णय प्रक्रियामाथि प्रश्न उठाएको छ । त्यस्तै प्रस्ताव फिर्ता लिनुअघि नै इन्फान्टिनोका वरिष्ठ सल्लाहकार कार्लोस कोर्डेरोले तत्काल लागु हुने गरी राजीनामा दिएका छन् ।


**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

**वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

सम्पर्क: ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

### कुमारी बैंक र निम्बजबीच सहकार्य




**काठमाडौं,** साउन १६/ कुमारी बैंक लिमिटेड र नेपालस्थित प्रविधि कम्पनी कुराकानी अनलाइन प्रालि (निम्बज)बीच सहकार्य सम्झौता भएको छ । बैंकले आफ्ना ग्राहकका लागि मोबाइल बैंकिङ एपमार्फत् ई-सिम र अन्तर्राष्ट्रिय ड्राइभिङ परमिट (आइडिपी) सम्बन्धी सेवा उपलब्ध गराउने गरी निम्बजसँग सम्झौता गरेको हो ।

दुई संस्थाबीचको उक्त सम्झौतासँगै बैंकका ग्राहकले मोबाइल बैंकिङ एपबाटै सहज रूपमा ई-सिम प्याकेज खरिद गर्न तथा अन्तर्राष्ट्रिय ड्राइभिङ परमिट (आइडिपी) का लागि आवेदन दिन सक्ने बैंकले जनाएको छ । विदेश यात्रा गर्ने नेपाली, उच्च शिक्षा अध्ययनका लागि विदेश जाने विद्यार्थी, वैदेशिक रोजगारीमा रहेका नेपाली तथा व्यावसायिक प्रयोजनका लागि नियमित रूपमा विदेश आवतजावत गर्ने ग्राहकहरूका लागि यी सेवाहरू विशेष रूपमा उपयोगी हुने बैंकको अपेक्षा छ ।

बैंकका अनुसार ई-सिम सेवामार्फत् विदेश पुगेपछि स्थानीय सिम कार्ड खरिद गर्न, सिम परिवर्तन गर्न वा डेटा सेवा सञ्चालन गर्नुपर्ने झन्झट हट्नेछ भने आइडिपी सेवाले अन्तर्राष्ट्रिय ड्राइभिङ अनुमति प्राप्त गर्ने प्रक्रियालाई थप सरल, छिटो र व्यवस्थित बनाउनेछ । अर्को विशेषता भनेको ई-सिम र आइडिपी सेवाको शुल्क कुमारी बैंकको मोबाइल बैंकिङ एपबाटै नेपाली रुपैयाँमा भुक्तानी गर्न सकिने व्यवस्था हो ।


**सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं**

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।



नेपाल सरकार

**विज्ञापन बोर्ड**



**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई